# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




गलकोट नगरपालिका, बाग्लुंगको आयोजनामा जेष्ठ नागरीकको घरदैलामा स्वास्थ्यकर्मी कार्यक्रम संचालन भएको छ। यस कार्यक्रमबाट गलकोट नगरपालिकामा बसोबास गर्ने करिब ४००० जना ६० बर्ष माथीका जेष्ठ नागरीक लाभान्वित हुनेछन।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा स्वास्थ्य आमा समुहको बैठक छोप्राक-४ सालबोटमा म.सा.स्वा.स्व.से. खिल कुमारी गुरुङको नेतृत्वमा संचालन भएको छ।

**दादुरा संक्रमित बालबालिकालाई साबिक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ। दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**





नेपाली सेनाको आयोजनामा र विभिन्न निकायहरुको समन्वयमा एकिकृत बृहत शिविर मालिका गाँउ पालिका म्याग्दीमा सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा सरुवा भई आउनुभएका डाक्टर रुक्मिणा अधिकारीलाई स्वागत गरिएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




लोघेकर दामोदर कुण्डगाउँपालिकाको चराङ स्वास्थ्य चौकीमा विगत २ वर्षदेखि सेवारत अ.हे.व. झरना के.सी. बागमती प्रदेशबाट एच.ए. पदमा नाम निकालेर थाक्रे गाउँपालिका, धादिङमा पदस्थापना हुनभएकोमा हार्दिक बधाई सहित गाउँपालिकाबाट फेरी भेटौला तथा विदाई कार्यक्रम संचालन भएको छ।



अन्तर्राष्ट्रिय मापदण्ड तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आपतकालीन योजना २०२२ मा भएको व्यवस्थाअनुरूप त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पूर्णस्तरको आपतकालीन अभ्यास प्रदर्शन कार्यक्रम भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना र WHO गण्डकी PHEOC को सहयोगमा पालिका स्तरीय द्रुत प्रतिकार्य समिति (RRC) का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। लोमान्थाङ गाउँपालिका, मुस्ताङमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचन, विरोध कट्टेलको उपस्थिति रहेको थियो। पालिकाका अध्यक्षको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा, डाक्टर राजीव लालचन र विरोध कट्टेलले प्रस्तुतिकरण गर्नुभएको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम @ दुदिलाभाटी स्वास्थ्य चौकी, बाग्लुंग



उत्तर प्रसुती घरभेट कार्यक्रम @ दगातुन्डाडा स्वास्थ्य चौकी, बाग्लुङ्ग



बोर्लाङ्ग स्वास्थ्य चौकी, गोरखाको आयोजनमा तथा भिमसेनथापा गाउँपालिका, स्वास्थ्य शाखा, गोरखा लायन्स आँखा सेवा केन्द्र, महादेवटार स्वास्थ्य सेवा केन्द्रको समन्वयमा बिधार्थीहरुलाई स्कुलमै पुगेर नेत्र विशेषज्ञ र आँखा जाँच सेवा संचालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा नागरिक आरोग्य केन्द्र, चराङ, लोघेकर दामोदर कुण्ड, गाउँपालिका, मुस्ताङको एकिकृत अनुगमन सम्पन्न भएको छ।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार





बिम स्वास्थ्य चौकी, म्याग्दीको न्युनतम सेवा मापदण्ड (MSS) सम्बन्धि फलोअप कार्यक्रम सम्पन्न भएको छ।



गलकोट नगरपालिका, बाग्लुंगको आयोजनामा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत काँडेबास स्वास्थ्य चौकी, बाग्लुंगमा जेष्ठ महीनामा ११ जना गर्भवतीहरुले अल्ट्रासाउण्ड सेवा लिनु भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना र WHO गण्डकी PHEOC को सहयोगमा पालिका स्तरीय द्रुत प्रतिकार्य समिति (RRC) का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। लोघेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचन, अनिश शर्मा उप्रेतीको उपस्थिति रहेको थियो। पालिकाका उपाध्यक्षको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा, डाक्टर राजीव लालचन र अनिश शर्मा उप्रेतीले प्रस्तुतिकरण गर्नुभएको थियो।

**योग किन गर्ने :**
- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




आधारभूत स्वास्थ्य सेवाकेन्द्र खर्बाङ्ग, बाग्लुङ्गको आयोजनामा महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहरूको मासिक समिक्षा सम्पन्न भएको छ।



मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा ओखरबोट स्वास्थ्य चौकीमा न्युनतम सेवामापदण्ड (MSS) दोस्रो फलोअप सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा KMC सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना र WHO गण्डकी PHEOC को सहयोगमा पालिका स्तरीय द्रुत प्रतिकार्य समिति (RRC) का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचन, अनिश शर्मा उप्रेतीको उपस्थिति रहेको थियो। पालिकाका अध्यक्ष मोहन सिंह लालचनको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा र राजीव लालचनले प्रस्तुतिकरण गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




मालिका गाउँपलिका, म्याग्दीको आयोजनामा रुम स्वास्थ्य चौकीमा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा जेष्ठ नागरिक कार्यक्रम नियमित संचालन भएको छ।


**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, मुस्ताङ्गको आयोजना तथा लो घेकर दमोदर कुण्ड गाउँपालिका, नागरिक आरोग्य सेवा केन्द्रको समन्वयमा नागरिक आरोग्य अभियान कार्यक्रम सम्पन्न भएको छ।



लमजुङ अस्पताल, लमजुङको आयोजना तथा मे.सु. डाक्टर विशाल तिवारीको अध्यक्षतामा लमजुङ अस्पतालमा सरुवा भई आउनु भएका डाक्टर अमृत अधिकारी (फिजिसियन), डाक्टर जोनसन विश्वकर्मा (मे.अ.), डाक्टर दिवाकर कोइराला (मे.अ.), शान्ति भण्डारी (वरिष्ठ नर्सिङ अधिकृत) र मन्दिरा पौडेल (स्टाफ नर्स) स्वागत कार्यक्रम सम्पन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




फलेवास नगरपालिका, पर्बतको आयोजनामा वार्ड न-११ मा पाङराङमा क्षयरोग मुक्त नेपाल घोषणा अभियानका लागि २ दिने वडा स्तरीय समिति गठन तथा सुक्ष्म योजना तर्जुमा कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना र WHO गण्डकी PHEOC को सहयोगमा पालिका स्तरीय द्रुत प्रतिकार्य समिति (RRC) का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। घरपझोङ गाउँपालिका, मुस्ताङमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा र WHO PHEOC गण्डकीका विरोध कट्टेल र लक्ष्मी दाहालको उपस्थिति रहेको थियो। पालिकाका अध्यक्ष मोहन सिंह लालचनको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा र विरोध कट्टेलले प्रस्तुतिकरण गर्नुभएको थियो।




जिल्ला खोप समन्वय समिति स्याङ्जाको आयोजनामा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना प्रमाणिकरण घोषणा कार्यक्रममा स्याङ्जा जिल्लाको स्थानीय तहको ११ ओटा पालिका मध्ये कालीगण्डकी गाउँपालिका उत्कृष्ट पालिका भएको, कालीगण्डकी गाउँपालिका भित्र उत्कृष्ट स्वास्थ्य संस्थामा चण्डी भञ्याङ स्वास्थ्य चौकी साथै पालिका भित्र उत्कृष्ट खोप कार्यकर्ता रूकमाया थापा हुनुभएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार



सेवा फाउण्डेशन/तिलगंगा आँखा प्रतिष्ठानको र लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको समन्वयमा मोति विन्दु भएर आँखा अप्रेशन गर्नु पर्ने १८ जना (महिला १० र पुरूष ८) विरामीहरुको आँखा विशेषज्ञ डाक्टर श्याम व्यासको टीमबाट निशुल्क सल्यक्रिया गरी आँखाको सफल उपचार गरिएको छ। साथै दुबै गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयमसेविकाहरु र विद्यालयका शिक्षकहरूको सहभागितामा आँखा संरक्षण सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम समेत सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा एकीकृत अनुगमन सञ्चालन भएको छ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मुस्ताङमा सम्पन्न भएको उक्त कार्यक्रममा आयुर्वेद सम्बन्धी तथ्याङ्कको गुणस्तरीयता र आयुर्वेदमा EMR को आवश्यकताका बारेमा छलफल भएको थियो। कार्यक्रममा स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका सूचना अधिकारी नवराज शर्मा र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचन, विरोध कट्टेल, अनिश शर्मा उप्रेती, लक्ष्मी दाहालको उपस्थिति रहेको थियो।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशका महानिर्देशकलाई स्वास्थ्य कार्यालय, मनाङमा स्वागत गरिएको छ।



बडिगाड गाउँपालिका, बाग्लुङ्ग स्वास्थ्य शाखाको आयोजना तथा दगातुन्डॅाडा स्वास्थ्य चौकीको समन्वयमा एकिकृत ग्रामिण मोबाईल स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत १३८ जना सेवाग्राहीको स्वास्थ्य परिक्षण गरि सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




गलकोट नगरपालिका वडा नं ११ मनेवामा मध्यपहाडी राजमार्गमा हुने दुर्घटनालाई मध्य नजर गर्दै राजमार्ग आपतकालीन स्वास्थ्य सेवा ईकाईको समुद्घाटन नगर प्रमुख भरत शर्माबाट गरिएको छ। कार्यक्रममा नगर उप प्रमुख फमलाल निउरे, प्रमुख प्रशासकीय अधिकृत थम्मन सिंह गौतम, स्वास्थ्य कार्यालय बागलुङका प्रमुख बाबुराम आचार्य, डा राजेश पौडेल, वडाअध्यक्ष डम्मर श्रीस, जनस्वास्थ्य अधिकृत सुशील पौडेल, लेखा अधिकृत कृष्ण प्रसाद खराल लगायतको उपस्थिति रहेको थियो।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा EWARS तालिम मुस्तांग अस्पतालमा सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा मनाङ अस्पतालमा MPDSR कार्यक्रम लागु गर्नको लागि MPDSR कार्यक्रमको अभिमुखीकरण सञ्चालन भएको छ । उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालयका अस्पताल नर्सिङ प्रशासक अन्जु पौडेल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ नर्सिङ अधिकृत शान्ति खड्काले सहजीकरण गर्नुभएको थियो। उक्त कार्यक्रममा मनाङ अस्पतालका मेसु डाक्टर भारती मेहता, मेडिकल अफिसरहरु लगायत सम्पूर्ण स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो ।



सिक्लेश स्वास्थ्य चौकी, कास्कीको आयोजनामा सुत्केरी महिल संग उपाध्यक्ष भेट कार्यक्रम अन्तर्गत सुत्केरी महिलाहरुलाई पोषण प्रवर्द्धनका लागि पोषण युक्त खाद्यान्न वितरण कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजनामा (२ दिने) स्वास्थ्य सेवा प्रदायकहरुका लागि PMTCT तालिम स्वास्थ्य कार्यालय मनाङमा सुभारम्भ गरिएको छ।



बडिगाड गाउँपालिका स्वास्थ्य शाखा, बाग्लुङ्गको आयोजना तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङको समन्वयमा एकिकृत ग्रामिण मोबाईल स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत वडा नं २ भगबति प्रा.वि. जिमीमा १०७ जना सेवाग्राहीको स्वास्थ्य परिक्षण गरि सम्पन्न भएको छ।



गण्डकी प्रदेश सरकारबाट जारी भएको "अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०८०" को दफा ३(१) बमोजिम दमौली अस्पताल, तनहुँको अस्पताल व्यवस्थापन समिति गठन भएको छ। जिल्ला समन्वय समिति, तनहुँका प्रमुख शान्तिरमण वाग्ले उक्त समितिको अध्यक्ष रहनु भएको छ। उक्त समितिमा व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने, जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख विनोद भट्टराई र उद्योग वाणिज्य संघका अध्यक्ष बैकुण्ठनाथ मिश्र सदस्य तथा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर परिवर्तन बराल सदस्य सचिव रहनु भएको छ। गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न समितिको प्रथम बैठकले निवर्तमान समितिको सदस्य शुशिला शर्मालाई हालको समितिको सदस्यमा मनोनयन गरेको छ। उक्त बैठकले निवर्तमान समितिका पदाधिकारीहरूलाई धन्यवाद ज्ञापन सहित बिदाइ समेत गरेको छ ।

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना र WHO गण्डकी PHEOC को सहयोगमा द्रुत प्रतिकार्य समितिका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। आज थासाङ गाउँपालिका, मुस्ताङमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचन, विरोध कट्टेल, अनिश शर्मा उप्रेती, लक्ष्मी दाहालको उपस्थिति रहेको थियो। पालिकाका अध्यक्ष प्रदीप गौचनको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा र डाक्टर राजीव लालचनले प्रस्तुतिकरण गर्नुभएको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



कांडेबास स्वास्थ्य चौकी, बाग्लुङ्गको न्यूनतम सेवा मापदण्ड सुदृढिकरणका लागि अनुगमन/सुपरीवेक्षण सम्पन्न भएको छ।



जिल्ला आयर्वेद स्वास्थ्य केन्द्र, नवलपरासी पूर्वको आयोजनामा नागरिक आरोग्य अभियान सञ्चालन अन्तर्गत घरदैलो भेटघाट कार्यक्रम नागरिक आरोग्य सेवा केन्द्र, हुप्सेकोट गाउँपालिका नवपरासी पूर्वको समन्वयमा सञ्चालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




गलकोट नगर अस्पताल, बाग्लुङ्गको आयोजनामा ० देखि २३ महिना मुनिका बालबालिकाहरुलाई ६ महिनासम्म लगातार वृद्धि (तौल) अनुगमनमा ल्याय बापत अभिभावकहरुलाई सर-सफाई सामाग्री पर्दान गरि प्रोत्साहन गर्ने कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय, स्याङजा क आयोजना र पुतलीबजार नगरपालिकाको समन्वयमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको ४ दिने पुनर्ताजगी तालिम ठूलाडिही स्वास्थ्य चौकीमा सम्पन्न भएको छ।



बागलुङ जिल्लाको ताराखोला, गलकोट र ढोरपाटन नगरपालिकाको बुर्तिबांग प्रा.स्वा.के.मा कार्यरत नर्सिङ कर्मचारीहरुलाई प्रसव पछाडी हुने अत्यधिक रक्तश्राव रोक्न प्रयोग गरिने ANTISHOCK GARMENT को हस्तान्तरण तथा स्थलगत अभिमुखीकरण गरिएको छ ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार




स्वास्थ्य कार्यालय, कास्कीको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) सम्बन्धी २०८०/०८१ को जिल्ला स्तरीय समिक्षा सम्पन्न भएको छ।



बडिगाड गाउँपालिका स्वास्थ्य शाखाको आयोजना, दर्लिङ्ग स्वास्थ्य चौकीको समन्वयमा वडा नं ९ नबजागरण प्रा. वि. राकीचौरमा एकिकृत ग्रामिण मोवाईल स्वास्थ्य सेवा कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



गलकोट नगर अस्पताल, बाग्लुङ्गमा मुटु रोग सम्बन्धी निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सम्पन्न भएको छ।



रघुगंगा गाउँपालिका, म्याग्दीको आयोजनामा गाउँपालिका अन्तर्गत वडा नं. ८ को कुईनेमंगले स्वास्थ्य चौकी, वडा नं. ७ को चिमखोला स्वास्थ्य चौकी र वडा नं. ४ को दग्नाम स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्डको चौथो फलो अप समिक्षा कार्यक्रम सम्पन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९७, वर्ष ६, २०८१ असार २, June 16, 2024 आइतबार





न्यूनतम सेवा मापदण्ड (MSS): राष्ट्रिय समीक्षा गोष्ठी, काठमाडौंमा गण्डकीबाट स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काको नेतृत्वमा सहभागिता रहेको थियो।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) सम्बन्धी २०८०/०८१ को जिल्ला स्तरीय समिक्षा सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता स्वास्थ्य कार्यालया प्रमुख बाबुराम आचार्यले गर्नुभएको उक्त कार्यक्रमको स्वागत तथा उद्देश्य देव प्रकाश घिमिरेले गर्नु भएको थियो। कार्यक्रमको संचालन घनश्याम सापकोटाले गर्नुभएको थियो। कार्यक्रममा पालिकाहरुको समेत प्रस्तुतीकरण रहेको थियो।यस कार्यक्रमलाई आगामी बर्ष पनि निरन्तरता दिनुका साथै अब Process indicator तर्फ लैजाने तथा सुदृढीकरण र भ्रमणलाई समेत जोड दिने निर्णय भएको छ।



गलकोट नगरपालिका, बाग्लुङ्ग वार्ड न. ५ मा बिगत १५ बर्षदेखी महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको पदमा सेवा दिदै आउनु भएका चन्द्रा खत्रीको बिदाई कार्यक्रम संगै नया नियुक्ति हुनु भएका प्रमिला पुन रानालाई स्वागत कार्यक्रम संचालन भएको छ।


**सम्पादक**
**नवराज शर्मा**
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com